अनुसूची १

## स्थानीय तहले प्रकाशन गर्नु पर्ने सूचनाको फर्मेट

## साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धी सुचना

## परशुराम नगरपालिकाको कार्यालय,जोगबुडा

प्रथम पटक प्रकासीत मिति २०७७/०६/२५

आ.व.२०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरु "लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम (संघ,प्रदेश,स्थानियतह,कृषक) कार्यसञ्चालन प्रक्रिया-२०७७" बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक सहकारी संस्था,कृषक समुह/समितिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समयभित्र निवेदन दर्ता हुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं | कार्यक्रम | संख्या | नगरपालिकाबाट ब्यहोरिने साझेदारी रकम रु. |
|---|---|---|---|
| १ | भैसी प्रवर्द्धन कार्यक्रम (साझेदारीमा) | १ | २१,८०,००० |
| २ | | | |

निवेदन र संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढांचा तथा कार्यक्रम संचालन प्रक्रिया यस पशु सेवा शाखा बाट प्राप्त गर्न सकिने छ। वा नगरपालीकाको वेबसाईट www.parshurammun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

*अन्य थप जानकारीका लागी फो.नं. ९८०५७८६५७० मा सम्पर्क गर्नुहुन अनुरोध छ।*

२०७७।६।२५

तारानाथ पनेरु

(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

संक्षिप्त कार्ययोजनाको ढाँचा

१. व्यवसायको परिचयः
२. कार्यक्रम शुरु हुने मितिः
३. कार्यक्रम सम्पन्न हुने मितिः
४. लक्षित वर्ग र सम्भावित रोजगारीको विवरणः
५. संचालन गरिने क्रियाकलाप र लागत साझेदारीको विवरण

| क्र.सं | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | लाभग्राही तर्फको साझेदारी रकम रु. | स्थानीय तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची ३

लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम संचालनको लागि निवेदन पत्र

मिति: .............

श्रीमान प्रमुखज्यू

...................गा.पा.\न. पा. \उ.न.पा\म.न. पा...........।

विषय: लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम उपलव्ध गराईदिने बारे।

महोदय,

यस पालिकाको मिति २०७७।।गतेको प्रकाशित सूचना अनुसार यस समूह/समिति/सहकारी संस्थाले पशुपन्छी प्रवर्द्धन कार्यक्रम (गाई/चौरी/भैंसी/पाडा/भेडा/वाख्रा/वंगुर/दुग्ध चिस्यान केन्द्र...........संचालन गर्न निम्नानुसार कागजात सहित निवेदन गरेका छौं। कार्यक्रममा साझेदारीको लागि प्राप्त रकमको दुरूपयोग नगर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

संलग्न कागजातहरु:

१. समूह\समिति/सहकारी संस्थाको दर्ता प्रमाणपत्र र सहकारी संस्थाको हकमा कृषि/पशुपालन/दुग्ध व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपिहरु

२. समूह\समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि

३. समूह\समिति/सहकारी संस्थाका सदस्यहरूको नामावली

४. अन्य आवश्यक कागजातहरु (स्थानीय तहको आवश्यकता अनुसार)

अनुसूची ४(क)

**मुल्यांकन सम्बन्धी**

लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रममा सहभागीताका लागि साझेदार छनौटका आधारहरु

(मुल्यांकन गर्ने आधारहरु )

*(स्थानीय आवश्यकता अनुसार प्रति आधार अंक भार ५ देखि २० सम्म राखेर पूर्णाक १०० मा मुल्यांकन गर्नु पर्नेछ ।)*

१. स्थानको उपयुक्तता (सामाजिक, भौगोलिक एवं वातावरणीय दृष्टिकोणले सम्भाव्यता) बढीमा ५ अंक

२. पूर्वाधार विकास एवं विकासका सम्भावनाहरु बढीमा ५ अंक

३. हाल संचालित कार्यक्रम एवं कृयाकलापहरुको अवस्था एवं अवसरहरु

(क) आवेदक समूह वा सहकारीका कम्तीमा पनि आधा सदस्यले हाल पनि पशुपालन गरिरहेको भए बढीमा १० अंक

(ख) बजार तथा बजारिकरणको सहजता बढीमा १५ अंक

४. कार्यक्रमको लागि आवश्यक योग्यता, तालिम एवं अनुभव

(क) विगत २ वर्ष देखि पशुपालन व्यवसाय (दर्तावाल) गरिरहेको भए बढीमा १५अंक

(ख) १ बर्ष वा सो भन्दा कम भए बढीमा १० अंक

(ग) समूह दर्ता हुँदाको बखत देखि समूहको सदस्यको रुपमा आफ्नै प्राविधिक (कम्तीमा भेटेरिनरी जे.टि.ए.) भएको भए बढीमा १० अंक

५. पेश गरेको संक्षिप्त कार्ययोजना र कार्ययोजनामा प्रस्ताव गरेको साझेदारी रकम १० अंक

६. जैविक सुरक्षा तथा वातावरणीय अवस्था बढीमा ५ अंक

७. समूह/समिति/सहकारी मा रहेका एकल महिला, दलित, जनजाती तथा सिमान्तकृत कृषकहरु, विदेशबाट फर्किएका युवाहरुको संख्या बढीमा १५ अंक